**गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल** **नेपाल नगरपालिका संघ**

## कोरोना भाइरस संक्रमणको फैलदो अवस्थामा विद्यालय सञ्चालन सम्बन्धमा गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघको हार्दिक अपिल

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण नेपालमा समेत पुनः फैलिरहेको अवस्थामा विद्यालय शिक्षालाई कसरी निरन्तरता दिने भन्ने विषयमा विभिन्न धारणाहरु आइरहेका छन् । यस सन्द्रभमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समेत सार्वजनिक आव्हान गरेको छ। महामारीबाट समुदाय र विद्यालयलाई सुरक्षित गर्दै सिकाईलाई निरन्तरता दिने प्रमुख दायित्व स्थानीय सरकारको नै भएकोले यस सम्बन्धमा देहाय अनुसार गर्न/गराउन हुन स्थानीय सरकारका संघ/महासंघको तर्फबाट देशभरका सबै गाउँपालिका/नगरपालिकाहरुमा हार्दिक आव्हान गर्दछौं।

- संविधानत माध्यमिक शिक्षासम्मको समग्र व्यवस्थापन तथा सञ्चालनको मुख्य दायित्व स्थानीय सरकारको भएकोले आ–आफ्ना क्षेत्रमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै विद्यालय सञ्चालनको व्यवस्था गर्न । विद्यालय सुचारु गर्ने वा बन्द गर्ने भन्ने सम्बन्धमा आ–आफ्ना पालिकाहरुको जोखिमको अवस्था विश्लेषण र सरोकारवालासँगको परामर्शको आधारमा स्वयम् गाउँपालिका/नगरपालिकाले आवश्यक निर्णय लिनुहुन।

- नेपाल सरकार र सम्बन्धित निकायले संवेदनशिल क्षेत्र भनि घोषणा गरेका जिल्लाहरुका गाउँपालिका/नगरपालिकाहरुले साविक अनुसार विद्यालय सञ्चालन गर्न सकिने वा नसकिने सम्बन्धमा सरोकारवालाहरुसँगको परामर्शमा आवश्यक निर्णय लिनहुन । यदी विद्यालय सञ्चालन गर्ने परिस्थिती नदेखिएमा सिकाईका वैकल्पिक विधिहरुको प्रयोग गरी सिकाई प्रकृयालाई निरन्तरता दिनुहुन ।

- संविधानत सरुवा रोग नियन्त्रण सम्बन्धी जिम्मेवारी संघीय सरकारको एकल जिम्मेवारीभित्र रहेता पनि विगतमा स्थानीय सरकारले कोरोना नियन्त्रणमा खेलेको भुमिका उल्लेख्य रहेको छ । तसर्थ आधारभुत तथा माध्यमिक शिक्षा महत्वपूर्ण पक्ष हुँदाहुँदै पनि नागरिकको स्वास्थ्य गम्भिर विषय भएकोले यस महामारीबाट समुदायलाई सुरक्षित राख्न विगतको सिकाईको आधारमा पुर्व तयारी र सोको प्रभावकारी कार्यान्वियनमा योजनाबद्ध रुपमा कृयाशिल हुन ।

साथै,

कोरोना भाइरस संक्रमणको जोखिमका कारण नियमित रुपमा विद्यालय सञ्चालन गर्न नसकिने क्षेत्रमा सिकाईलाई निरन्तरता दिन र सिकाई उपलब्धिको नियमित मुल्याङ्कनको बैकल्पिक व्यवस्थाको सहजिकरणको लागि नेपाल सरकार र सम्बन्धित निकायहरुमा हार्दिक अनुरोध गर्दछौं । महामारी नियन्त्रणमा विगतमा भएको सिकाईको आधारमा तत्तत् निकायहरुको प्रभावकारी परिचालनमा तीन तहकै सरकारबीच आवश्यक समन्वय र सहकार्यको लागि हार्दिक अनुरोध गर्दछौं ।

**होमनारायण श्रेष्ठ**
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

**अशोककुमार ब्याञ्जु श्रेष्ठ**
अध्यक्ष
नेपाल नगरपालिका संघ

मितिः २०७८।०१।०३